# लमही नगरपालिका करार खेती सम्वन्धी कार्यविधि, २०८१

लमही नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लमही, दाङ्ग

लुम्विनी प्रदेश,नेपाल

कार्यपालिकाबाट स्वीकृत मिति २०८१ असोज ५ गते

# लमही नगरपालिका
# करार खेती सम्वन्धी कार्यविधि, २०८१

**प्रस्तावना** : लमही नगरपालिका भित्रको कृषियोग्य जग्गा नदि उकास, निजी, संस्थागत जग्गाको दिगो उपयोग, उत्पादकत्व वृद्धि र भूमिहीन एवं साना किसानको खाद्य सुनिश्चिता र जिविकोपार्जनको लागी करार खेती प्रर्वद्दन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ (ण) (१)ले दिएको अधिकार प्रयोग गरि नगरपालिकाले "करार खेती कार्यक्रम संचालन कार्यविधि, २०८१" मिति २०८१।०६।०५ गतेको नगर कार्यपालिकाको बैठकले स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस कार्यविधिको नाम " **लमही नगरपालिकाको करार खेती कार्यक्रम संचालन कार्यविधि, २०८१"** रहेको छ ।

(ख) यो कार्यविधि लमही नगरपालिका नगर कार्यपालिका बैठकवाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले लमही नगरपालिका भन्ने बुझिन्छ ।

(ख) "करार खेती" भन्नाले नदि उकास, निजि जग्गा, गुठी, संघ संस्थाको जग्गा, नदी वा खोलाले गरेको कटान तर कृषि कार्यमा प्रयोग नभएको उर्बर जमिनलाई सम्बन्धित व्यक्ति, संस्था वा स्थानीय तहसँग करार वा कवुलियत गरी कृषि बालीहरूको उत्पादनमा प्रयोग गर्ने भन्ने सम्झनु पर्दछ ।

(ग) "खेतीयोग्य जमिन" भन्नाले खेती गर्न सकिने र कृषि उत्पादन दिन सक्ने जग्गालाई सम्झनु पर्दछ ।

(घ) "बगर" भन्नाले नदी वा खोला किनाराको बाढी र डुवान भएको वा हुन सक्ने जमिनलाई जनाउँदछ ।

(ङ) "खेती" भन्नाले निजी, गुठी, संघसंस्थाको जग्गा, नदी वा खोलाको बगरमा रहेको जग्गामा गरिने तरकारी, अन्नबाली, नगदेबाली वा फलफूल आदिको खेतीलाई जनाउँदछ ।

(छ) "अनुदान" भन्नाले यस कार्यविधि अनुरूप खेती गर्न उपलब्ध गराइने सस्था, गुठी वा व्यक्तीको जग्गा प्रयोग गरेवापत पालिकाले तिरिदिने भाडा बराबरको रकम वा अन्य यस्तै सहयोगलाई सम्झनु पर्दछ ।

(ज) “आवेदक” भन्नाले करार खेतीका लागि अनुदान प्राप्त गर्न पालिका वा वडा समक्ष आवेदन दिएका व्यक्ति वा समूह वा व्यवसायीक कृषि फर्म वा सहकारीलाई जनाउँदछ ।

(झ) “अनुदानग्राही” भन्नाले करार खेती गर्न अनुदान पाउनका लागि छनौट भएका आवेदकलाई जनाउँदछ ।

(ञ) “समूह” भन्नाले स्थानीय स्तरमा गठन भएर नगरपालिकामा दर्ता भएका कृषक समूहलाई सम्झनु पर्दछ ।

(ट) “करार खेती गर्ने कृषक” भन्नाले व्यावसायीक रुपमा खेती गर्ने इच्छा भएका तर आफनो जग्गा नभएका भुमिहीन कृषक वा प्रसस्त जग्गा नभएका कृषक, कृषक समुहलाइ सम्झनुपर्छ । यस शब्दले व्यवसायीक कृषि फार्म, कृषि सहकारी संस्था समेतलाई जनाउछ ।

३. उद्देश्यहरु :

(क) नदी उकास, निजी, गुठी, विद्यालय, कलेजका खाली र उपयोगमा नआएका जमिनलाई कृषि कार्यमा उपयोग गरी कृषि बालीको उत्पादनमा वृद्धि गर्ने ।

(ख) खेती गर्ने सोच भएका तर उपयुक्त जग्गा जमिन नभएका कृषकलाई खेर गइरहेको जमिन करारनामा गराई कृषिलाई प्रोत्साहन गर्ने ।

(ग) आर्थिक स्थिती कमजोर भएका तथा पछाडि पारिएका वर्गको खाद्यसुरक्षा र जिविकोपार्जनमा मद्धत गर्ने ।

(घ) भूमिहीन दलित, भूमिहीन सुकुम्वासी, अतिविपन्न परिवार तथा बेरोजगार युवाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन सहजीकरण गर्ने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन, सहजिकरण तथा सहयोग सम्बन्धी व्यवस्थाः

### ४. कार्यक्रम संचालन, सहजिकरण तथा सहयोग सम्वन्धी व्यवस्था :

१. करार खेती गर्ने भूमिहीन वा आफ्नो ५ कठ्ठा भन्दा कम जग्गा भएका कृषक, निस्सा प्राप्त कृषकले जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न चाहेमा जग्गा भाडाको रकममा पहिलो वर्ष १०० प्रतिशत, दोस्रो वर्ष ७५ प्रतिशत र तेस्रो वर्ष ५० प्रतिशत अनुदान उपलव्ध गराउन सकिनेछ भने ५ कठ्ठा भन्दा बढी जग्गा भएका कृषकको हकमा भने जग्गा भाडाको रकममा पहिलो वर्ष ५० प्रतिशत, दोस्रो वर्ष ३५ प्रतिशत र तेस्रो वर्ष २५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ।

२. करार खेती गर्ने कृषकहरुले पाउने जग्गाको भाडा स्थानिय दररेट भन्दा वढी नहुने गरी जग्गाधनी र किसान बीचको सम्झौता अनुसुचि १ बमोजिम कायम गर्न सकिन्छ ।

३. करार खेती गर्ने कृषकहरुले एकल वा समुहमा कृषि उत्पादनका लागि जग्गा भाडामा लिन सकिनेछ ।

४. करार खेती गर्न कृषकले १ वर्ष वा सो भन्दा कम अवधिको वाली लगाउने भए कम्तीमा ५ वर्षको र वहुवर्षिय खेतीका लागि कम्तीमा १० वर्षको करारनामा भएको हुनुपर्नेछ ।

५.	करार खेती गर्न कृषकहरुले खेती गर्दा कम्तीमा २ वा ३ वर्षको वार्षिक कार्ययोजना निर्माण गरी सम्भव भए सम्म कृषि प्रविधिकको सल्लाहमा वाली पात्रो समेत तयार गरी व्यावसायिक कृषि खेती गर्नु पर्नेछ ।

६.	कार्यक्रम सञ्चालनमा सम्बन्धित प्राविधिकहरुको सल्लाह सुझाव लिई सकेसम्म प्रत्यक्ष रुपमा सलग्न गराई व्यवसायबाट नाफा प्राप्त गर्ने सुनिश्चितता प्रदान गरिएको हुनु पर्नेछ ।

७.	कार्यक्रम कार्यान्वयन गर्न पालिकाले वार्षिक बजेटमा व्यवस्था भएको बजेटको सिमा भित्र रही सहयोग उपलब्ध गराउनेछ तथा शर्त अनुसार काम नभएमा सहयोग उपलब्ध गराइने छैन । करार खेती गर्नका लागि आवश्यक कागजात तथा मापदण्डहरु अनुसुची २ बमोजिम हुनेछ ।

८.	सञ्चालन गरिएको व्यवसायको सम्भव भएसम्म विमा गरी सुरक्षा प्रदान गर्नु पर्नेछ । बिमा गर्ने दायित्व कृषकको हुनेछ । यसका लागि पालिकाले आवश्यक समन्वय गर्न सक्नेछ ।

९.	करार खेतीको उत्पादन प्रवर्द्दन गर्न पालिकाले खाद्य बैंक निर्माण गरी विपदको समयमा खाद्यसुरक्षा सुनिश्चित गर्ने गरी करार खेतीका किसानसँग खाद्यन्न खरीद गर्न सक्नेछ ।

१०.	आफै खेतीपाती नगर्ने जग्गाधनी तथा संस्थाको जग्गा निश्चित शुल्कमा लिई त्यो जग्गा भूमिहीन र साना किसानलाई करारमा खेती गर्न दिन सक्नेछ ।

## ५. व्यावसायिक कार्ययोजना माग तथा छनौट विधि

१.	स्थानिय तहबाट जग्गा भाडामा लिई व्यावसायिक खेती गर्न ईच्छुक कृषकको लागी अनुसुची ४ बमोजिमको प्रस्तावको ढाँचा सहितको अनुसुची ३ बमोजिम सूचना आह्वान गर्ने र ईच्छुक कृषकहरुले अनुसूची ५ वमोजिमको आवेदन-पत्रको निवेदनको ढाँचा सहितको प्रस्ताव पेश गर्नुपर्ने छ ।

२.	भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासी किसानलाई करार खेतीसँग जोड्नका लागि स्थानीय तह मातहतको भूमि सेवा केन्द्रमा दर्ता भएका र प्रमाणीकरण भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासीको लगतका आधारमा भूमि सेवा केन्द्र र सम्बन्धित पालिलकासँग समन्वय गर्ने ।

३.	यसरी आह्वान गरिने सूचनामा अनुदान प्राप्त गर्न कृषकले निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु एवम व्यावसायिक योजनामा हुनुपर्ने विवरणहरु स्पस्ट हुनुपर्ने साथै वडा कार्यालयको सिफारिस र अनुसूची १ बमोजिमको करारनामा सम्झौता पत्रमा समेत उल्लेख हुनुपर्ने विवरणहरु स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

४ . यसरी दफा ५ को उपदफा ३ बमोजिम पेशं भएका निवेदनहरु माथि आर्थिक विकास समितिले अनुसुचि २ बमोजिमको मापदण्डहरु पुरा भए नभएको एकिन गर्ने र प्रस्तावहरु कार्यपालिकाबाट छनौट गरिनेछ ।

**६. अनुदान प्रदान गर्ने विधि :** जग्गा भाडामा लिई व्यावसायिक खेती गर्ने कृषकहरुलाई अनुदान प्रदान गर्ने विधि देहाय बमोजिम हुनेछ :

क)	कार्यक्रम सञ्चालनका लागि छनौटमा परेका प्रस्तावकाबारे सम्वन्धित भूमिहीन, कृषक वा कृषक समुह वा कृषि फार्म वा सहकारीलाई यथाशीघ्र विभिन्न माध्यमवाट जानकारी गराई सम्झौताका

.

लागि आह्वान गराईनेछ र छनौट भएका कृषक वा कृषक समुह वा कृषि फार्मले पालिकाले तयार गरेको ढाँचामा सम्झौता गराउने छ ।

ख) कार्यक्रम सञ्चालक कृषक र जग्गाधनि बीच जग्गा करारनामा गर्दा वडा कार्यालयको रोहवरमा गर्नुपर्नेछ ।

ग) कार्यक्रम सञ्चालन रकम बढी प्राप्त गर्ने मनसायले मिलोमतो गरी अस्वभाविक भाडा सम्झौता गरेको पाईएमा सेवाग्राहीलाई व्यवसाय सञ्चालनका लागि गरिने सहयोग रकम रोक्का गर्न सकिने छ ।

घ) जग्गा भाडा बापतको रकम सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा र वडाको सिफारिसमा कृषकलाई बैक मार्फत भुक्तानी गरिनेछ । कार्य सम्पन्न प्रतिवेदनका आधारमा करार खेती शुरु गरिएको ६ महिनापछि ५० प्रतिशत र १ वर्ष पुगेपछि वर्षभरीकै भाडा भुक्तानी गरिनेछ ।

ङ) कृषकले योजना अनुरुप कार्य गर्नु पर्नेछ । कृषकको कार्य सन्तोषजनक नभएको अवस्थामा पालिकाले एकलौटी रुपमा सम्झौता रद्द गर्न सकिनेछ । तर संझौता रद्द गर्ने निर्णयमा पुग्नु अघि कृषकलाई एकपटक स्पष्टिकरण पेश गर्ने मौका प्रदान गरिनेछ ।

## ७. समूहको रकम भुक्तानीको लागि पेश गर्नुपर्ने कागजातहरु

क) सम्झौता पत्रको प्रतिलिपि
ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र क्रियाकलापमा गरिएको खर्च विवरण
ग) निर्माण कार्यको हकमा प्राविधिकले तयार गरेको विल, कार्यसम्पन्न प्रतिवेदन
घ) बिल विजकहरुको सक्कल प्रति
ङ) तयार गरेको संरचना र सामाग्रीको फोटो
च) सेवाग्राहीले कार्यसम्पन्न गरेको प्रतिवेदन
छ) सूचनापाटी वा होर्डिङ वोर्डको फोटो
ज) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम अनुदान रकम उपलव्ध गराउनेछ ।

## ८. रकम उपलव्ध गराउने आधार

क) एकै कार्यक्रममा दोहोरो पर्ने गरी व्यवसाय समावेश गरिने छैन ।
ख) कार्यक्रम संचालनको लागि विगत ३ वर्ष भित्र सोही व्यवसाय अनुदान पाएकालाई अनुदान दिईने छैन तर क्षेत्र विस्तार गर्ने कार्यका लागि बजेट थप वा विनियोजन गर्न सकिन्छ ।
ग) स्वीकृत कार्यक्रम बाहेकको रकम उपलव्ध हुनेछैन ।
घ) कार्य प्रगति ६ महिनामा ५० प्रतिशत र बाँकी वर्षको अन्त्यमा ५० प्रतिशत कार्य सम्पन्नता पछि मात्र रकम दिईनेछ ।
ङ) कार्य सम्पन्न प्रतिवेदन र आवश्यक बिल भरपाई सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नुपर्नेछ ।

# परिच्छेद ३
# ऐलानी र नदि उकास जग्गा उपयोग सम्बन्धमा

९. नगरपालिकाले कृषियोग्य उपयोग विहीन ऐलानी, नदी उकास, संस्थागत, आफैं खेती गर्न नसक्ने व्यक्तिको निजी जग्गा, बाँझो निजी जग्गाको लगत राख्ने । त्यस्तो जग्गा बाँझै रहने अवस्थामा नगरपालिका आफैँले भाडामा लिइ कृषक समूह, सुकुम्बासी, भूमिहीन वा अन्य व्यक्तिबाट समेत खेती गराउनका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१०. नगरपालिकाले आफ्नो क्षेत्रका जग्गा कमाउन लिने, जग्गा कमाउन दिने, मोही, किसान र जग्गा धनीको वडागत विवरण तयार गरी प्रत्येक वडा कार्यालयमा सम्बन्धित वडाको र सबै वडाबाट सङ्कलित अभिलेख नगरपालिकामा राख्नेछ । र प्राथामिकताको आधारमा करार खेती गर्न सहजीकरण गर्नेछ ।

११. सुकुम्बासी वा भूमिहीनलाई खेतीयोग्य जमिन भाडामा लिएर कृषिकार्यमा संलग्न गराउनका लागि नगरपालिकाले आवश्यक सहयोग तथा सहजीकरण गर्नेछ ।

## परिच्छेद ४

## अनुगमन र समन्वय

### १२. अनुगमन

सहयोग प्राप्त कृषकले गरेको व्यवसायिक खेती नगरपालिकाको अनुगमन देहायबमोजिमको समितिले गर्नेछ ।

क. लमही नगरपालिकाको उपप्रमुख – संयोजक
ख. आर्थिक विकास समितिको संयोजक – सदस्य
ग. सम्बन्धित वडाको वडा अध्यक्ष – सदस्य
घ. भुमि शाखा प्रमुख - सदस्य
ङ. सहकारी शाखा प्रमुख – सदस्य
च. कृषि शाखा प्रमुख – सदस्य सचिव

१२.१ अनुगमन समितिले आवस्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।
१२.२ स्वीकृत व्यसायिक योजना अनुसार कार्य भए नभएको तथा अनुदान रकम सदुपयोग भए नभएको अनुगमन गर्ने ।
१२.३ कार्यक्रम प्रभावकारी बनाउन स्थलगत अनुगमन तथा निरिक्षण गर्ने गराउने ।
१२.४ अनुगमन कार्यका लागी आवस्यकता अनुरुप उपसमिति गठन गरि परिचालन गर्ने ।

### १३. समन्वय

करार खेती सम्बन्धि प्रक्रियाहरूलाई सहजीकरण गर्न पालिकाको कृषि शाखा मातहत रहने गरी एक समिति रहने छ । नगरपालिकाको कृषि शाखाले समितिमा पालिकाको भूमि शाखा, कृषी/पशु सेवा केन्द्र लगायत अन्य सदस्यहरू रहने गरी समितिको निर्माण गर्नेछ ।

करार खेतीलाई व्यवस्थित रुपमा संचालन गर्न स्थानिय तह र अन्य संस्था वीच समन्वय गरिनेछ । पालिकाको बजेटका अतिरिक्त अन्य संस्थावाट सहकार्य र समन्वय गर्न सकिनेछ ।

परिच्छेद ५
विविध

१४. सार्वजनिक परीक्षण

सहयोग प्राप्त गर्ने व्यक्ति, समुह, स्थानिय तहका प्रतिनिधि र व्यवसायबाट प्रभावित हुने समुदायका भेला गरी कार्यक्रमको आम्दानी, खर्च तथा निर्मित संरचना र खरीद सामाग्रीको सार्वजनिकीकरण गरिनेछ ।

१५. **कारबाहीको व्यवस्था :** कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले दिएका निर्देशन एवम् प्रचलित ऐन, नियम तथा नीतिहरुको पालना गर्नु पर्नेछ ।

१६. **प्रचलित कानून लागू हुने** : यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यसै कार्यविधि बमोजिम तथा यस व्यवस्था नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. संशोधन तथा परिमार्जनः

(१) लमही नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

(२) लमही नगर कार्यपालिकाले यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ ।

## अनुसुची- १

## जग्गा भाडा (लिज) मा दिने लिने सम्बन्धी करार सम्झौता पत्र

............... जिल्ला .............. नगरपालिका वडा नं. ......., ..............टोल/गाउँमा स्थायी ठेगाना भई ..........जिल्ला .............. नगरपालिका वडा नं. ......., .............. बस्ने श्री ..................... ........ १ (जसलाई यस पछी यस सम्झौतामा प्रथम पक्ष भनी सम्बोधन गरिने छ) (जग्गा भाडामा दिने व्यक्ति, जग्गा धनी वा जग्गाधनीहरुको अख्तियार प्राप्त व्यक्ति वा समूह )

र

............... जिल्ला .............नगरपाालिका वडा नं. ......., ...........टोल/गाउँमा स्थायी ठेगाना भई ............... जिल्ला .............नगरपालिका वडा नं. ......., ...........टोल/गाउँमा बस्ने श्री

...................... ...१ (जसलाई यस पछी यस करारमा दोश्रो पक्ष भनिनेछ) (जग्गा भाडामा लिने व्यक्ति वा समूहबाट अख्तियार प्राप्त व्यक्ति वा सहकारीको प्रतिनिधि )

का बीच तपसिलका शर्तहरुको अधिनमा रहि प्रथम पक्षले ................. जिल्ला ............ नगरपालिका वडा नं. ......, .................... मा रहेको जग्गा/जग्गाहरु जग्गाधनी वा जग्गाधनीहरुसँग सम्झौता गरी ........ वर्षका लागि ........बिगाहा, ........कट्ठा, ............धुर जग्गा भाडामा मितिः .................... मा ...........................लाई ............वर्षका लागि उक्त जग्गा/जग्गाहरु भाडा (लिज) मा दिने भनी गरेको निर्णय बमोजिम हामी दुबै पक्षले उक्त जग्गा भाडा (लिज) मा दिन र लिन सहमत भएकाले दुबै पक्षको राजीखुसी मञ्जुरीले यस करारमा हस्ताक्षर भएको मिति देखि लागु हुने गरी यो जग्गा भाडामा लिने दिने करार मुलुकी देवानी संहिता, २०७४ बमोजिम .......... जिल्ला ............ नगरपालिका वडा नं. ........ को वडा कार्यालयको रोहबरमा तयार गरी हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं ।

## यस करारसँग सम्बन्धित कागजातहरु

यो करारमा उल्लेखित जग्गाहरुको विवरण, जग्गाधनीहरुले मिति ................ बाट दिएको स्वीकृती, ............ स्थानीय सरकारको अनुदान लगानी तथा सहयोग सम्बन्धी कागजातहरु यसै सम्झौताको अनुसूचीमा समावेश गरिएको छ ।

## करारको उद्देश्य :

प्रथम पक्षले ............... जिल्ला .......... नगरपालिका वडा नं. ....,......... गाउँ/टोलको ........बिगाहा, ........कट्ठा, ............धुर जग्गा प्रथम पक्षले दोश्रो पक्षलाई ..... वर्षका लागि भाडा (लिज) मा दिनु लिनु यस करारको उद्देश्य रहेको छ ।

## करारका शर्तहरु :

(१) प्रथम पक्षले ............ जिल्ला .......... नगरपालिका वडा नं. ....,......... गाउँ/टोलमा ........बिगाह, ........कट्ठा, ............धुर जग्गा क्षेत्रफलमा रहेका जग्गाहरु दोश्रो पक्षलाई भाडा (लिज)मा दिन र दोश्रो पक्षले भाडा (लिज) मा लिन सहमत भएका छौं ।

(२) यो जग्गा भाडा (लिज) करार यसमा दुबै पक्षको हस्ताक्षर भएको मितिदेखि मिति........ सम्मका लागि कायम रहनेछ ।

(३) यो करार बमोजिम सम्पूर्ण जग्गा भाडा (लिज) लिएवापत दोश्रो पक्षले प्रथम पक्षलाई बार्षिक रु. ......................... (अक्षरुपीः .................................मात्र) बहाल बुझाउनेछ । यो करारमा हस्ताक्षर गरेको ............. दिन/महिना भित्र रु. ............को एक तिहाई रकम अर्थात रु. ........................( अक्षरेपी ................. मात्र) दोश्रो पक्षले प्रथम पक्षलाई बुझाउने छ । बाँकी भाडा (लिज) वापतको रकम अर्थात रु. ..................(अक्षरेपी .........................) प्रत्येक वर्षको अन्त्यमा बुझाउने छ । सम्पूर्ण जग्गाहरुको भाडा (लिज) वापतको रकम रु. .................. (अक्षरेपी ..................) को प्रत्येक ..........वर्षमा दुवै पक्षको सहमतिमा भाडा वढाउन सकिनेछ ।

| मितिः ……….( शुरु) | शुरु रकम रु. | दुवै पक्षको सहमतिमा वृद्धि हुने रकम रु. | जम्मा तिर्नु पर्ने रकम रु. |
|---|---|---|---|
| पहिलो वर्षको मितिः ……………. | | | |
| दोश्रो वर्षको मितिः ……………. | | | |
| तेश्रो वर्षको मितिः ……………. | | | |

(४) प्रथम पक्ष र दोश्रो पक्ष बीचको सम्पूर्ण आर्थिक कारोबार बैंक मार्फत मात्र गरिनेछ ।

(५) दुबै पक्ष लिखित रुपमा सहमत भएमा शर्त नं.२ मा उल्लेखित करार अवधिलाई बढाउन सकिनेछ ।

(६) दोश्रो पक्षले कृषि गर्दा आवश्यक पर्ने बस्तुहरु राख्न, कृषिका लागि आश्यक पर्ने संरचना बनाउन पाउनेछ । साथै जंगली वा घरपालुवा जनावरहरुबाट सुरक्षित गर्नका लागि आवश्यक पर्ने अस्थायी प्रकृतिका संरचना निर्माण गर्न पाउनेछ । दोश्रो पक्षले आफ्नो लगानीमा राखेका बस्तुहरु तथा बनाएका संरचनाहरु करार अवधि समाप्त भए पश्चात् आफैंले लिएर जान पाउनेछ । तर दुबै पक्ष बीच आपसी सहमती भएमा सोही बमोजिम हुनेछ ।

(७) विशेष परिस्थिति, काबु बाहिरको अवस्था वा दैवी वा प्राकृतिक विपत्तीका कारणबाट जग्गा उपयोग गर्न योग्य नभएमा सोही मितिदेखि यो करार समाप्त हुनेछ र दोश्रो पक्षको सम्पूर्ण दायित्व समाप्त हुनेछ ।

(८) प्रथम पक्षले कृषि सम्बन्धी सम्पूर्ण अनुदानका प्रक्रियामा दोश्रो पक्षलाई सहजीकरण गरिदिनेछ । सो बमोजिम प्राप्त अनुदान रकम तथा बस्तुहरु प्रथम पक्षले दाश्रो पक्षलाई दिनेछ । यस सम्बन्धी अन्य कुरा दुबै पक्षको सहमती भए बमोजिम हुनेछ ।

(९) दोश्रो पक्षले कुनै कारणबस यो करारमा उल्लेखित दायित्वहरु पूरा गर्न नसक्ने अवस्था सृजना भएमा दोश्रो पक्षले प्रथम पक्षलाई मनासिब समयमा नै जानकारी गराउनेछ ।

(१०) यस सम्झौता पत्रमा कुनै अस्पष्टता, व्यवहारिक अनुपयूक्तता वा त्रुटी देखिएमा दुबै पक्षको सहमतिमा, माथि उल्लेख भएका शर्तहरुको हकमा यसै करार बमोजिम र अन्यको हकमा मुलुकी देवानी संहिता २०७४ बमोजिम हुनेछ ।

**साक्षीहरु**

क) ………… जिल्ला ………………….. न.पा.वडा नं. …. बस्ने वर्ष को ……………………..१

ख) ………… जिल्ला …………………… न.पा.वडा नं. …. बस्ने वर्ष को ……………………….१
ग) ………… जिल्ला …………………… न.पा.वडा नं. …. बस्ने वर्ष को ……………………….१

**रोहवर**

………… जिल्ला ……….. नगरपालिका वडा नं. ….. का वडा अध्यक्ष/सदस्य……………………….
नामः
हस्ताक्षरः
वडा कार्यालयको छापः
इति सम्बत …………. साल असार …….गते रोज मा शुभम् ……………………….

| प्रथम पक्ष (जग्गा धनी) का तर्फबाट | दोश्रो पक्ष (जग्गा भाडामा लिने व्यक्ति)का तर्फबाट |
|---|---|
| नामः ………………… | नामः ………………… |
| बाबुको नाम : | बाबुको नाम : |
| आमाको नाम : | आमाको नाम : |
| बाजेको नाम : | बाजेको नाम : |
| नागरिकता नं : | नागरिकता नं : |
| हस्ताक्षरः ……………….. | हस्ताक्षरः ……………….. |
| औंठाको छाप | औंठाको छाप |
| बायाँ दायाँ | बायाँ दायाँ |

# अनुसुची- २

**करार खेती कार्यक्रममा सहभागी हुदाँ आवश्यक पर्ने कागजात तथा मापदण्डहरु**

१. स्थानिय तह भित्रका भूमिहीनलाई प्राथमिकता दिने ।

२. भाडामा लिईने जग्गा सरकारी, सार्वजनिक, गुठी वा विद्यालय वा संस्था, वाँझो तथा जग्गा कुनै पनि हुन सक्नेछ । त्यसका लागि सम्वन्धित निकायको सहमति आवश्यक पर्नेछ ।

३. एक वर्षीय वाली लगाउने भए कम्तिमा ५ वर्षको र फलफूल वा स्थायी संरचना खडा गरी खेती गर्ने अवस्था भएमा कम्तिमा १० वर्षको कृषक र जग्गाधनी वीचको जग्गा करारनामा हुनु पर्नेछ र उक्त करारनामा वडा कार्यालयको रोहवरमा हुनुपर्ने ।

४. जग्गाधनी र भाडा लिने कृषक, समुह, फार्म बिचको सम्झौता वडा कार्यालयको रोहवरमा गरिएको हुनुपर्नेछ ।

५.	यसरी भाडामा लिई खेती गर्ने कृषक वा कृषक समुह वा कृषि फार्मले पूरा समय अवधि खेती गर्ने प्रतिवद्धता जनाउनु पर्ने र बीचमा सम्झौता तोकिएको अवस्थामा भाडा रकम सम्वन्धित कृषकबाट असूल उपर गर्न सकिन्छ ।

६.	करार खेती गर्ने कृषक वा कृषक समुह वा कृषि फार्मले नेपाली नागरिकताको प्रमाण पत्र वा मतदाता परिचय पत्र वा कुनै पनि परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि निवेदन सँगै पेश गर्नुपर्नेछ।

७.	कृषकको स्व:घोषण पत्र

# अनुसूची – ३

## करार खेती कार्यक्रम संचालन सम्बन्धी सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशन मिती....................

लमही नगरपालिकाको आ.व............ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत करार खेती कार्यक्रम रहेकोले इच्छुक कृषि सहकारी/कृषक समुह/कृषि फर्म तथा कृषकहरुले आवश्यक कागजात सहितको सूचना प्रकाशन गरिएको मितीले १५ दिन भित्र निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।यस सम्बन्धी आवश्यक कागजात अनुसूची ४ तथा मापदण्ड अनुसूची २ बमोजिम हुनेछ ।

| क्र.सं. | कार्यक्रमको नाम | न्युनतम मापदण्ड | अनुदानको सिमा | कैफियत |
|---|---|---|---|---|
| १. | करार खेति कार्यक्रम | १.एक वर्षिय बालीको हकमा ५ वर्षको र बहुवर्षिय बालीको हकमा १० वर्षिय करानामा हुनुपर्नेछ। | १.जग्गा भाडा प्रति कठ्ठा स्थानिय दररेट भन्दा वढी नहुने गरी कायम गरिएको हुनुपर्नेछ।सोही रकमको ५ कठ्ठा भन्दा कम जग्गा भएका कृषकको लागी पहिलो वर्ष ,दोस्रो वर्ष र तेस्रो वर्ष क्रमशः १००% ,७५% र ५०% का दरले अनुदान रकम उपलब्ध गराइनेछ भने ५ कठ्ठा भन्दा वढी जग्गा भएका कृषकको लागी पहिलो वर्ष ,दोस्रो वर्ष र तेस्रो वर्ष क्रमशः ५०%,३५% र २५% का दरले उपलब्ध गराइनेछ। | |

संलग्न गर्नुपर्ने कागजातहरु:

- निवेदन अनुसूची ५ बमोजिम
- आवेदकको नागरिकताको प्रतिलिपि
- फर्मको  हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि
- जग्गा धनि र भाडामा लिने कृषक बीचको सम्झौता प्रतिलिपि
- खेति गर्ने कृषक वा कृषक समुह वा कृषि सहकारी वा कृषि फार्मले सम्झोता अवधिभर खेति गर्ने प्रतिवद्धतापत्र
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

# अनुसुची-४

**<u>करार खेती कार्यक्रम संचालन प्रस्ताव ढाँचा</u>**

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण

| | |
|---|---|
| आवेदकको विवरण | |
| नामथरः | |
| ठेगानाः | |
| नागरिकता नः | |
| आवेदकको किसिम (भुमिहिन वा अन्य) | |
| परिवारमा श्रम गर्ने सदस्य संख्या | |
| आफुसँग रहेको जमिनको क्षेत्रफल र किसिम | |
| परिवारको अन्य सदस्यको बैकल्पिक पेशा र मासिक आम्दानी | |
| सम्पर्क नं | |
| प्रस्तावित आयोजना स्थल ( टोल सहित ) | |
| भाडामा लिने जग्गाको कुल क्षेत्रफल | |

| भाडामा जग्गाको स्वामित्व (जग्गाधनीको नाम थर) | जग्गाको कित्ता नम्बर | क्षेत्रफल | वार्षिक भाडा दर प्रति रोपनी वा कठ्ठा |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ठेगाना | | | |
| १. | | | |
| २. | | | |
| ३. | | | |

कृषि व्यवसायको जम्मा लागत विवरण (बर्षभरि)

| | |
|---|---|
| प्रस्तावित आयोजनाको कुल खर्च रकम | |
| पुर्वाधार विकास खर्च | |
| भाडा | |
| उत्पादन सामाग्री | |
| अन्य खर्च | |

जम्मा आम्दानी अनुमानीत

| | |
|---|---|
| पहिलो बर्ष | |
| दोस्रो बर्ष | |
| तेस्रो वर्ष | |

२. प्रस्तावित आयोजना सम्बन्धमा

क. प्रस्तावित आयोजनाको शिर्षक/विषय

ख. पृष्ठभुमि

ग. उदेश्यहरु

घ. सामुहिक प्रस्तावको हकमा प्रस्ताविक आयोजनामा प्रत्यक्ष लाभान्वित हुने घरधुरी संख्या

ङ. खेती गर्ने बालीको विस्तृत उत्पादन विवरण

| क.सं | बाली बस्तु | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

च. आवेदकको अनुभव कृषि सम्बन्धि तालिम र शैक्षिक योग्यता

छ. करार खेती कार्यक्रम संचालन पश्चात

१. लाभान्वित हुने घरधुरी संख्या

२. बाली वा सस्तुले ढाक्ने क्षेत्रफल

३. उत्पादन परिमाण

४. वार्षिक आम्दानी रु

५. थप रोजगारी संख्या स्थायी ..........अस्थायी

६. यदि अरु केही भए उल्लेख गर्नुहोस्

## अनुसूची-५

**करार खेती कार्यकम संचालन सम्बन्धित आवेदन- पत्रको निवेदन ढाँचा**

मिति..................

श्री.........................प्रमुख ज्यू

लमही नगरपालिका

नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ।

विषय : करारमा खेती कृषि कार्यक्रमका लागी प्रस्ताव पेश गरेको बारे ।

महोदय,

लमही नगरपालिकाको मिति ................मा प्रकाशित सूचना अनुसार मैले/हामीले ..................जग्गा करारमा लिई ....................व्यावसायिक कृषि कार्यक्रम सन्चालन गर्न ईछुक रहेकोले तपशिल अनुसारका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं उक्त कार्यक्रम प्राप्त भएमा सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम संचालन गर्नेछु/गर्नेछौं र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कारबाहीको भागेदारी हुन मन्जुर रहेको व्यहोरा समेत जानकारी गर्दछु/गर्दछौं ।

तपशिलः

१.अनुसूची ४ अनुसारको आयोजनाको प्रस्ताव

२.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

३.जग्गा धनी र भाडामा लिने कृषक बीचको सम्झौता प्रतिलिपि

४.जग्गा धनीको प्रमाणपत्रको प्रतिलिपि

५.खेती गर्ने कृषकले सम्झौता अवधिभर खेती गर्ने प्रतिबद्धता पत्र

६.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र भुमिहिन वा गरिव कृषकको हकमा सम्बन्धित वडा कार्यालयको गरिव किसानको सिफारिस पत्र । (पहाडमा ३ रोपनी वा तराइमा ५ कठ्ठा भन्दा कम जग्गा भएको वा ५ कठ्ठा भन्दा बढी जग्गा भएको वा परिवारका सदस्य मध्य कोही पनि सरकारी वा गैर सरकारी सेवामा नरहेको वा अन्य व्यवसायबाट मासिक १० हजार भन्दा कम आयआर्जन भएको वा गरिव घरधुरी सर्वेक्षणको परिचय पत्रवाहक)

निवेदन दिनेको तर्फबाट

किसान/फर्म/समुहको नामः

टोल सहितको ठेगानः

दस्तखतः

मितिः

सम्पर्क नः

**<u>प्रमाणिकरण गर्नेः</u>**

.......................

जोगराज चौधरी

नगर प्रमुख